# नेपाल राष्ट्र बैंक

राष्ट्रऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

## मिति २०७३ पुस २२ गते रु. २० अर्बको दुईहप्ता अवधिको रिपो बोलकबोल हुने बारेको सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवम् शर्तहरु कायम गरी १४ दिनका लागि रिपो बोलकबोल गर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | (क) आह्वान रकम | : | रु. २० अर्ब (वीस अर्ब रुपैयाँ मात्र) । |
| | (ख) बोलकबोल मिति | : | २०७३ पुस २२ गते मध्यान्ह १२:०० बजेसम्म Online Bidding System मार्फत मात्र बोलकबोल हुने । |
| | (ग) निष्कासन मिति | : | २०७३ पुस २२ गते । |
| | (घ) ब्याजदर | : | ४.८७५३ (निर्धारित ब्याजदर) । |
| | (ङ) साँवा तथा ब्याज भुक्तानी मिति | : | २०७३ माघ ७ गते । |
| | (च) बोल गर्न सकिने रकम | : | घटीमा रु. १ करोड र बढीमा १ करोड रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म । |

२. रिपो उपकरणको बोलकबोलमा माष्टर रिपर्चेज एग्रिमेण्ट गरेका नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” बर्गका बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउने छन् ।

३. रिपो बोलकबोलमा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले बोल गरेको रकमको ११० प्रतिशत सरकारी सुरक्षणपत्रहरु (ट्रेजरी बिल्स र विकास ऋणपत्र) बोलकबोलको दिन १:३० बजेभित्र यस विभागमा पेश गर्नुपर्ने छ ।

४. आह्वान गरिएको रकमभन्दा बढी माग भएमा समानुपातिक रुपमा बाँडफाँट गरिनेछ ।

५. रिपो उपकरणको भुक्तानी मितिका दिन निर्धारित साँवा तथा ब्याज रकम सम्बन्धित बैंकको यस बैंकमा रहेको खाता खर्च गरी भुक्तानी लिइने छ ।

*विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४१०१७३९ मा सम्पर्क गर्न सकिनेछ ।*

मिति २०७३/०९/२१